नागरिक
आर्थिक

सोमबार, २६ माघ २०८२, Monday, 9 February 2026



## बजार

सुन तोला - २००,५००
चाँदी तोला - ५०१०

| विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|
| अमेरिकी डलर - | १४४.७६ | १४५.३६ |
| युरो - | १७१.०६ | १७१.७७ |
| पाउन्ड स्टर्लिङ - | १९७.०७ | १९७.८९ |

हिउँमा खेलिने स्की खेलको विकास तथा प्रबर्द्धन गर्दै पर्यटन विकासमा योगदान पुर्‍याउने उद्देश्यले स्की संघले सन् २०१६ देखि स्की प्रतियोगिता सञ्चालन गर्दै आएको थियो । हिउँ नपरेका कारण अघिल्ला तीनवर्षसम्म उक्त क्षेत्रमा प्रतियोगिता नै हुन पाएको थिएन ।

# स्कीले पर्यटनमा देखाएको आशा

**सन्तोष पोखरेल**

*पोखरा, माघ २५*



मुस्ताङको वारागुँ मुक्तिक्षेत्र-१ रानीपौवामा आयोजित स्की प्रतियोगितामा रमाउँदै खेलाडी । मुस्ताङमा स्कीले पर्यटन प्रवर्द्धनमा सघाएको स्थानीयको भनाइ छ । *तस्बिर सौजन्य : सुशील थकाली*

यो बेला चिसो हुने हुँदा हिमाली जिल्लाका अधिकांश बस्ती सुनसान हुन्छन् । मानवीय गतिविधि नै सुस्ताउने यो समयमा हिउँ पर्ने हुँदा हिँडडुलसमेत रोकिन्छ । हिमपातले चिसिएको मुस्ताङको मुक्तिनाथ क्षेत्रमा भने यतिखेर आन्तरिक र केही विदेशी पर्यटकको चहलपहल छ । पर्यटकीय चहलपहल बढाउन त्यहाँ स्की खेलसमेत सञ्चालन गरिएको छ ।

हिउँमा खेलिने स्कीले अहिले मुस्ताङको मुक्तिनाथ क्षेत्रमा पर्यटकको चहलपहल बढेको स्थानीयको भनाइ छ । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ रानीपौवा क्षेत्रमा यो पटक स्की खेलाइएको हो । समुन्द्री सतहदेखि तीन हजार सात सय ५० मिटर उचाइको क्षेत्रमा खेल खेलाइएको आयोजक स्की संघले बताएको छ । उक्त क्षेत्रमा आयोजना गरिएको राष्ट्रिय स्कीको यो पाँचौं संस्करण पनि हो ।

हिउँमा खेलिने स्की खेलको विकास तथा प्रबर्द्धन गर्दै पर्यटन विकासमा योगदान पुर्‍याउने उद्देश्यले स्की संघले सन् २०१६ देखि स्की प्रतियोगिता सञ्चालन गर्दै आएको थियो । हिउँ नपरेका कारण अघिल्ला तीनवर्षसम्म उक्त क्षेत्रमा प्रतियोगिता नै हुन पाएको थिएन ।

'अघिल्ला तीन वर्षसम्म हिउँ नै परेन । त्यसैले स्की खेलाउन पाएनौं । यो पटक भने हिउँ परेकाले स्की खेलाउने अवसर जुटेको हो', स्की संघ मुस्ताङका अध्यक्ष सुरुज गुरुङ भन्छन्, 'स्की खेलसँगै पर्यटकको चहलपहल पनि बढेको छ । नेपालका विभिन्न भागबाट आएका खेलाडीसहित हिउँमा रमाउन आएका पाहुनाका कारण चिसोको यो मौसममा पनि मुक्तिनाथ क्षेत्रमा पर्यटकीय गतिविधि बढेको छ ।'

उनका अनुसार मुस्ताङको स्कीमा रमाउन विभिन्न ठाउँबाट ४० जना खेलाडी सहभागी थिए । उनीहरूलाई दुई दिनसम्म प्रशिक्षण दिएर प्रतिस्पर्धा गराइएको थियो । तीमध्ये १० महिला र १४ जना पुरुषले प्रतिस्पर्धा गरेका थिए । उनका अनुसार यसअघि पहिलो पटक रसुवाको लाङटाङ भ्यालीबाट सुरु भएको प्रथम राष्ट्रिय स्की प्रतियोगिता त्यसपछिका संस्करण मुस्ताङको मुक्तिनाथ क्षेत्रमा हुँदै आइरहेको थियो । मुस्ताङमा सन् २०१९, २०२० र सन् २०२२ मा स्की प्रतियोगिता सम्पन्न भएको थियो तर अरुवर्ष हिउँ नपरेका कारण खेल हुन पाएको थिएन ।

'उच्च हिमाली भेगमा खेलिने भएकाले खेल आफैंमा साहसिक छ । यही खेलको गन्तव्यको रूपमा मुस्ताङको मुक्तिक्षेत्रको पहिचान बढाउने भएकाले त्यसले पर्यटन प्रवर्द्धन हुने अपेक्षा हो,' उनले भने, 'स्की खेलकै कारण पर्यटकीय गतिविधि चलायमान हुने अपेक्षा छ । अन्तर्राष्ट्रिय अभ्यास त अझ स्की रिसोर्ट नै खोलेर सञ्चालन गरिन्छ । महँगो खेल गतिविधि भएकाले पनि यसका पाहुना खर्चिला हुन्छन् । अभ्यास र खेलका क्रममा लामो समय बस्ने पाहुना हुने भएकाले लाभ पर्यटनमा पुग्छ ।'

उनका अनुसार मुक्तिक्षेत्रलाई स्कीको गन्तव्य बनाउन सकिएको खण्डमा स्की हेर्नकै लागि भनेर पनि पाहुना आउने अपेक्षा छ । 'यो पटक त खासै धेरै पाहुना आएका छैनन् । यसबारे प्रचारप्रसार नभएकाले पनि अपेक्षाकृत पाहुना भित्र्याउन सकिएन । नियमित रूपमा खेलाउन सक्ने हो भने यसले महँगा पर्यटक तान्न सघाउँछ', उनले भने, 'नेपालमा हिउँ पर्नुपर्ने समयमा पनि हिउँ नपर्दा समस्या थपिएको हो । स्कीका लागि हिउँ अनिवार्य हो ।'

नेपाली स्की संघका महासचिव विजय श्रेष्ठले पनि प्रकृतिले दिएको ठाउँ मुक्तिक्षेत्रमा खेल पर्यटक भित्र्याउन सकिने सम्भावनालाई स्कीले उजागर गरेको बताउँछन् । 'स्कीले खेल पर्यटनमा आकर्षण त बढाउँछ तर नेपालमा हिउँ पर्नुपर्ने समयमा हिउँ नै नपरेर अनिश्चित बनाएको छ', उनले भने, 'मुस्ताङसम्मको आउजाउ सहज भएको छ । यसले पर्यटकलाई आकर्षण गर्नेमा कुनै शंका छैन तर हिउँ पर्ने सुनिश्चित नहुँदा गतिविधि सञ्चालन पनि अन्योलपूर्ण रहन्छ । स्की प्रतियोगिता नै हुने वा नहुने भन्ने सुनिश्चित हुँदैन ।'

उनका अनुसार यो बेला मुस्ताङका अधिकांश बासिन्दा जाडो छल्न पोखरासहितका सहरमा झर्ने हुँदा केहीवर्ष अघिसम्म बस्ती नै सुनसान देखिन्थे । पछिल्ला केहीवर्षदेखि मान्छेको अस्थायी बसाइँसराई नै कम हुँदै गएको छ । माथिल्लो भेगमा अझै बढी मात्रामा मौसमी बसाइँसराई भए पनि तल्लो क्षेत्रमा भने स्थानीयले घर छाड्न छोडेका छन् । हिउँ पनि पर्न छाडेको र आउजाउको सहजताले गर्दा नियमित गाडी चल्न थालेपछि बसोबास स्थायी रूपमा हुन थालेको उनले सुनाए ।

'यो बेला मुक्तिनाथ क्षेत्रमा राम्रै चहलपहल देखियो । खेलका कारण गतिविधि पनि चलायमान बन्यो । यही खेल हेर्नका लागि आएका पाहुना पनि हामीले भेट्यौं', उनले भने, 'हिउँ परेपछि मात्र स्की खेल सम्भव हुन्छ तर नेपालमा हिउँ पर्न छाडेकोमा चिन्ता छ । सिजनका बेला बर्सेनि यस्तै हिउँ पर्ने हो भने स्की खेलाउन हामीलाई समस्या हुँदैन । यसले खेल पर्यटकलाई पनि आकर्षण गर्छ ।' हिमाली क्षेत्रमा मात्र आयोजना हुने भएकाले साहसिक पर्यटन प्रवर्द्धन गर्न यस्ता खेल गतिविधिले सघाउने महासचिव श्रेष्ठले बताए ।

# ६ महिनामा १५२० ट्रेडमार्क दर्ता

**नागरिक संवाददाता**

*काठमाडौं, माघ २५*




चालु आर्थिक वर्ष २०८२/८३ को ६ महिनामा १५ सय बढी ट्रेडमार्क दर्ता भएका छन् । चालु आवको साउनदेखि पुस मसान्तसम्म उक्त संख्यामा ट्रेडमार्क दर्ता भएको हो । उद्योग विभागका सूचना अधिकारी सुरेश दाहालका अनुसार ६ महिनामा एक हजार पाँच सय २० वटा ट्रेडमार्क दर्ता भएको छ । ट्रेडमार्क दर्तासँगै ट्रेडमार्क जुध्ने समस्या पनि बढ्न थालेको सूचना अधिकारी दाहाल बताउँछन् ।

यस अवधिमा उस्तै-उस्तै ट्रेडमार्क भएको भन्दै विभागमा सयौंको उजुरी परेका छन् । जसमध्ये ४३ वटाको भने विभागले फैसला पनि गरिसकेको अवस्था छ । दुई वटाको फैसला पुस महिनामै भएको हो । चालु आवको साउनमा चार सय ३२ वटा, कात्तिकमा ६१ वटा, मंसिरमा पाँच सय २३ वटा र पुसमा पाँच सय चार वटा ट्रेडमार्क दर्ता भएको विभागको तथ्यांकमा उल्लेख छ । जेनजी आन्दोलनले गर्दा कार्यलयमा क्षति पुगेकाले भदौ र असोज महिनाको दर्ता तथ्यांक राख्न नसकिएको विभागले जनाएको छ ।

ट्रेडमार्क वस्तु उत्पादन दर्ता ३४ वर्ग दर्ता हुने गरेकोमा सेवा सम्बन्धी ११ वर्ग दर्ता हुने गरेको विभागले जनाएको छ । चालु आवको अन्त्यसम्ममा ट्रेडमार्क दर्ता संख्या ७३ हजार आठ सय १५ पुर्‍याउने लक्ष्य विभागको रहेको छ । कुनै फर्म, कम्पनी वा व्यक्तिले आफ्नो उत्पादित मालसामान वा आफूले प्रदान गर्ने सेवालाई अरूको मालसामान वा सेवाबाट फरक देखाउन प्रयोग गरिने शब्द चिह्न वा चित्र वा शब्द, चिह्न र चित्र तिनै कुराको संयोगलाई नै ट्रेडमार्क भनिन्छ । पेटेन्ट डिजायन र ट्रेडमार्क ऐन २०२२ अनुसार ट्रेडमार्क दर्ता गरिन्छ ।

उद्योग विभागमा दर्ता भएको ट्रेडमार्क दर्ता भएको मितिले एक वर्षसम्ममा प्रयोगमा नल्याए विभागले आवश्यक जाँचबुझ गरी त्यस्तो ट्रेडमार्क दर्ता खारेज गर्न सक्ने कानुनी प्रावधान रहेको छ । उद्योग विभागमा दर्ता गरिएको मितिबाट सात वर्षसम्म सो ट्रेडमार्क उपर ट्रेडमार्कवालाको हक लाग्नेछ । सात वर्ष पुग्न ४५ दिन अगाडि पुन नवीकरण गर्नुपर्ने हुन्छ । ट्रेडमार्क दर्ताका लागि पाँच हजार शुल्क लाग्ने विभागले जनाएको छ । कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठामा धक्का पर्ने वा सर्वसाधारण जनताको सदाचार वा नैतिकता वा राष्ट्रिय हितमा नराम्रो असर पर्ने वा अरू कसैको ट्रेडमार्कको ख्यातिमा धक्का पर्ने सम्भावना छ भने सो ट्रेडमार्क पहिले अरू कसैको नाममा दर्ता भइसकेको देखिएमा सो ट्रेडमार्क दर्ता हुँदैन ।

# नेप्से परिसूचकमा दोहोरो अंकको गिरावट




काठमाडौं, माघ २५ (नागरिक)- नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक १०.२५ अंकले घटेर २६९८.४४ को बिन्दुमा कायम भएको छ ।

आइतबार ३३० कम्पनीको दुई करोड ६२ लाख ३६ हजार २०४ कित्ता सेयर एक लाख ११ हजार ९७८ पटक खरिदबिक्री हुँदा ११ अर्ब ६५ करोड ९७ लाख ५२ हजार १४३ रुपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । आइतबार लगानी समूह ०.०८ र अन्य समूह ०.४६ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ ०.१४, विकास बैंक ०.९२, वित्त ०.०१, होटल तथा पर्यटन २.१३, जलविद्युत् ०.३१, जीवन बिमा ०.७१ र उत्पादन तथा प्रशोधन समूह १.१५ प्रतिशतले घटेको छ । त्यस्तै, लघुवित्त ०.२१, म्युचुअल फन्ड ०.६१, निर्जीवन बिमा ०.३२, र व्यापार १.३० प्रतिशतले घटेको छ ।

सुपर माई हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने कालिञ्चोक दर्शन लिमिटेडको सेयर मूल्य ८.९१ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै सुपर मार्दी हाइड्रोपावर लिमिटेडको ५६ करोड तीन लाख ४८ हजार १५५ रुपैयाँ बराबरको खरिदबिक्री भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा भने रिडी पावर कम्पनी लिमिटेडको १६ लाख ५८ हजार ७२५ बराबरको किनबेच भएको छ ।

## नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको

### धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ दिने सूचना

**(सूचना प्रकाशित मिति: २०८२/१०/२६ गते सोमबारको नागरीक दैनिक पत्रिकामा)**

यस नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शाखा कार्यालय **नारायणगढ**बाट तपसिलमा उल्लेखित तपाई ऋणीले उपभोग गर्नु भएको कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा व्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले कर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीलाई मिति २०८२/०८/११ को चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु लाई सूचित गर्दा समेत कर्जाको साँवा व्याज चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरि बसेकाले कर्जाको सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह) औं दिन (सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) मा नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको केन्द्रिय कार्यालयमा दिउँसो ३:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ, सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित बोलपत्र फारम बुझाउन अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ । यस अवधिभित्र तपाई ऋणी, जमानीकर्ता तथा सम्बद्ध सबैले बैंकलाई तिर्नुबुझाउनु पर्ने बक्यौता रकम चुक्ता भुक्तानी गरि आफ्नो सम्पत्तिको संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ ।

**तपसिल**

| ऋणी प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|
| **ऋणीको विवरण** : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम मिति २०७७/०७/१६ मा दर्ता भई दर्ता नं. २४६२८८/०७७/०७८ कायम भई, नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भरतपुर चितवनबाट बाट मिति २०७७/०७/१६ (मु.अ.कर दर्ता मिति २०७७/०७/१६ मा ६०९८४०८५० नं. को स्थायी लेखा दर्ता प्रमाण पत्र कायम भएको चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.०९ स्थित रजिर्ष्टड ठेगाना रहेको **जुनेली एग्रो प्रा.लि.(प्रमोटरः हिमकला गैरे (तिवारी)** | **हिमकला गैरे (तिवारी)** को नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला साविक पिठुवा गा.वि.स. वडा नं. ३ ख (हाल, रत्ननगर नगरपालिका वडा नं.१४, चितवन, नक्सा सिट नं. ३ख स्थित कित्ता नं.६५९ को क्षेत्रफल ६७७.२६ ब.मी. को घर जग्गा तथा सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । र चितवन जिल्ला साविक पिठुवा गा.वि.स. वडा नं.६ (हाल, रत्ननगर नगरपालिका वडा नं.३, चितवन, नक्सा सिट नं.६ स्थित कित्ता नं.२२८८ को क्षेत्रफल ३३८.६३ ब.मी. को घर जग्गा तथा सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थानः बैंकको प्रधान कार्यालय, भरतपूर-१०, चितवन |
| **व्यक्तिगत जमानीकर्ताहरुः** | |
| **१. नाम : हिमकला गैरे (तिवारी)** (ना.प्र.नं. ३५-०१-७२-०५९९५, जारी मिति २०७२/०६/०५, जि.प्र.का. चितवन)<br>स्थायी ठेगाना : भरतपुर उ.म.न.पा वडा नं.०८, चितवन<br>हालको ठेगानाः भरतपुर महानगरपालिका वडा नं.०९, चितवन<br>पति : शिव प्रसाद तिवारी<br>ससुरा : प्रजापति तिवारी | **२.नाम : शिव प्रसाद तिवारी**<br>(ना.प्र.न १४५४,जारी मिति २०४३/०२/२०, जि.प्र.का. चितवन)<br>स्थायी ठेगाना : भरतपुर गा.वि.स. वडा नं.०८, चितवन<br>हालको ठेगानाः भरतपुर महानगरपालिका वडा नं.०९, चितवन<br>बाबु : प्रजापति तिवारी<br>बाजे : देवीदत्त तिवारी |

**नोटः**

१. बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग भरतपुर १०, चितवन/सम्बन्धित शाखाबाट रु. १,०००/- (अक्षेरुपी एक हजार मात्र) तिरी लिन सकिनेछ ।

२. बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि निःशर्त लागू हुनेछन ।

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

Bharatpur-10, Chitwan, Nepal
Tel.: +977-56-590011/590012/590013
www.ndbl.com.np, info@ndbl.com.np

## Nepal Electricity Authority

### Invitation for Electronic Bids

**(Date of publication 9th February, 2026 (26/10/2082))**

| Name of Office | Tender No./Types of Bidding | Description of Works/Jobs |
|---|---|---|
| Panauti Hydropower Station, Khopasi, Kavre (Tel.No.011-410056) | NEA-PHPS-2082/83-ET-01 | Supply, Delivery, Installation, Testing and Commissioning of Control and Protection Systems, Switchgear Equipment and Various Electrical Systems (all complete) at Panauti Hydropower Station |
| | NEA-PHPS-2082/83-MT-01 | Repair, Maintenance, Fabrication, Supply, Delivery, Installation, Testing and Commissioning of Hydro-Mechanical Items of PHPS |
| Janakpur Distribution Centre, Janakpur (Tel.No.041-590494) | NEA/JDC/2082/083-SQ-03 | Supply and Delivery of Stationery, Printing and Miscellaneous Items. |
| Inaruwa Distribution Centre ( Tel.No:-025-566961 ) | NEA-INWDC-2082/083-02(SQ)civil | Civil Maintenance Works (Estimated Amount With VAR Nrs.7,55,582.90) |
| Kanchanpur Distribution Centre,(Tel. No:-031-560069) | NEA-KNPDC-2082/83-SQ-04 | HT/LT Line and Transformer Shifting work at Portaha Nahar to Arji, Labnagar, Shiv Chowk and Bathanaha |
| Bajura Distribution Centre (Tel. No:-097-541010) | NEA/BDC/2082/083/SQ-01 | Construction of LT Line at Budhinanda Municipality, ward no. 7, 8 &10 |

Please visit official website of PPMO (**www.bolpatra.gov.np/egp**) for more details.

## Chautara Sangachokgadhi Municipality

**Office of the Municipal Executive**

**Chautara, Sindhupalchok**

### Invitation for Electronic Bids

**Date of publication: 2082/10/26 (9th Feb. 2026)**

The Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for Procurement of the following works

| Contract Identification No. | Description | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/SQ/WORKS-01/082/083(RE) | Batase Aadharbhut Soasthe Sewa Kendra Sudridhikaran, CSGM-02 | NRs. 12,90,021.72 | NRs. 40,000.00 | NRs. 1,000.00 | 2082/11/12 (24th Feb. 2026) at 12:00 Hrs. | 2082/11/12 (24th Feb. 2026) at 13:00 Hrs. |

1. Future Details bidders are requested to visit PPMO website www.bolpatra.gov.np/egp.
2. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## वर्गीकृत विज्ञापन/डिस्प्ले

### घरजग्गा

कीर्तिपुर-६, थापागाउँ मेनरोडबाट १ कित्ता भित्र ०-४-१-० जग्गा सुपथ मूल्यमा बिक्रीमा: ९७६७२४२३५४

ज्ञानेश्वर मेनरोडमा २ आना १ दाम जग्गा सुपथ मुल्यमा: ९७६७२४२३५४

Ktm हाँडीगाउँ नेपालबैंक नजिकै विशालनगरमा ०-६-०-० जग्गा बिक्रीमा: 9841420589

### वर्गीकृत डिस्प्ले

कलर प्रति बक्स
१X५ = रु.१८००/-* मात्र
१X१० = रु.४०००/-* मात्र

श्याम/श्वेत प्रति बक्स
१X५ = रु.१२५०/-* मात्र
१X१० = रु.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभाग: ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com